

# ५ कबुलका सन्तान

***यस अध्यायका मूल पदहरू:*** **उत्पत्ति १५:१-३, यशैया २५:८, १ कोरन्थी २:९, प्रकाश २२:१-५, १ पत्रुस २:९, उत्पत्ति ११:४ र उत्पत्ति १२:२।**

***यस अध्यायको मूल सार पद:*** **"लौ हेर, म तिमीहरूको साथमा सधैं रहनेछु। युगको अन्त्यसम्म म तिमीहरूसगैं रहनेछु" (मत्ती २८:२० रूपान्तरित)।**

एक जना बाबु र उनकी दस वर्षकी छोरी समुद्रको किनारामा छुट्टी मनाइरहेका थिए। तिनीहरू समुद्रमा पौडी खेलेर रमाइलो गर्दै थिए। तिनीहरू दुवै जना पौडी खेल्न सिपालु थिए। पौडी खेल्दा खेल्दै बाबु र छोरी एक आपसमा पर पर हुन थाले। समुद्रमा छाल आइरहेको थियो। एउटा छालले छोरीलाई पर लगेको बाबुले महसुस गरे। तब बाबुले चिच्याएर छोरीलाई बोलाए, "मेरी, म किनारामा गएर तिम्रो सहायताको निम्ति हारगुहार गर्छु। तिमी थाक्यौ भने तिमी पछाडिबाट तैरिनु। यसरी तिमी तैरिरहनसक्छौ। म तिमीलाई सहयोग गर्न फर्केर आउनेछु।'

"केही समयमा नै धेरै मानिसहरू र डुङ्गाहरू त्यस सानो केटीलाई हस्याङ्ग फस्याङ्ग गर्दै खोजे। समुद्रको किनारामा सयौं मानिसहरूले केटी हराएको खबर पाएका थिए र चिन्ता गर्दै पर्खिरहेका थिए। चार घन्टापछि तिनीहरूले त्यस केटीलाई भेट्टाए। उनी समुद्रको किनाराबाट धेरै टाढा थिइन्। तर उनी शान्तसँग पछाडिबाट तैरिरहेकी थिइन्। तिनी अलिकति पनि डराएकी थिइनन्। जब उनलाई खोज्नेहरूले उनलाई भेट्टाए सबै जना हर्षको आँशुले सुस्केरा हाल्दै त्यस अमूल्यको भारीलाई समुद्रको किनारामा ल्याए। तर त्यो केटीले जेभयो त्यो शान्तसँग लिइरहेकी थिइन् मानौं केही पनि भएको छैन। जब मानिसहरू उनको वरिपरि झुम्मिए उनलाई अनौठो लाग्यो। तिमी कसरी बच्यौ भनेर मानिसहरूले सोध्दा उनले शान्तसँग भनिन् 'बुबाले मलाई दिनभरी

मिठ्युँबाट तैरिन सक्छौ भन्नुभएको थियो र अनि उहाँले मलाई लिन आउनुहुनेछ भनेर भन्नुभएको थियो। त्यसकारण म पौडी खेल्दै रहें र तैरिरहें, किनभने मलाई थाहा छ कि उहाँले मलाई लिन आउनुहुनेछ।'"-एचएमएस रिचार्डस्, "ह्वेन जिसस कम्स बाक" *भ्वाइस अभ प्रोफेसी न्युज,* मार्च १९४९, पृ. ५बाट रूपान्तरित।

**यस हप्ताको झलकः** परमेश्वरले अब्राहमलाई आफू उनको सुरक्षा कवच हुँ भनेर किन सम्बोधन गर्नुभएको थियो? "यस संसारका सबै मानव परिवार" अब्राहमद्वारा कसरी आशिष पाउने योजना बनाइएको थियो? परमेश्वरले कबुल गर्नुभएका कराहरूमा सबभन्दा महान् कुन् हो?

## १. सुरक्षा कवच

**"त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, “अब्राम, तिमी नडराऊ। तिम्रो सुरक्षाकवच वा ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।” (उत्पत्ति ५:१ रूपान्तरित)।**

**उत्पत्ति १५:१-३ पढ्नुहोस्। कुन सन्दर्भमा माथिको प्रतिज्ञा अब्रामलाई दिइएको थियो? परमेश्वरले अब्रामलाई "नडराऊ" भनेर पहिलो वाक्यमा किन भन्नुभएको होला? के देखि अब्राम डराउनुपरेको थियो वा चिन्तित हुनुपरेको थियो? हेर्नुहोस्, " १ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, “अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।” २ तर अब्रामले भने, “हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।” ३ फेरि अब्रामले भने, “हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।” (उत्पत्ति १५:१-३ रूपान्तरित)।**

"म तिम्रो सुरक्षा कवच हुँ" भनेर अब्रामलाई परमेश्वरले भन्नुभएको वचन विशेष गरेर चासोको विषय हो। जसरी परमेश्वरले अब्रामलाई व्यक्तिगत सर्वनामलाई प्रयोग गर्नुभएर सम्बोधन गरियो त्यसले उहाँ र अब्रामको बीचमा कस्तो व्यक्तिगत सम्बन्ध भएको रहेछ भनेर देखाउँछ। परमेश्वरले उनीसँग व्यक्तिगतरूपमै सम्बन्ध राख्न चाहनुहुन्छ। अब्रामसँगमात्र होइन, हामीसँग पनि त्यही सम्बन्ध उहाँ राख्न चाहनुहुन्छ।

परमेश्वरले आफूलाई ढाल वा सुरक्षा कवच भनेर सम्बोधन गरिएर जसरी यहाँ देखा परेको छ त्यो बाइबलमा सबभन्दा पहिलो पल्ट देखापरेको हो। फेरि परमेश्वरले केवल आफूलाई प्रकट गर्न एक पल्टमात्र त्यो शब्द प्रयोग गर्नुभएको थियो। यद्यपि, बाइबलका अरू लेखकहरूले परमेश्वरको बारेमा ज्ञान दिलाउन त्यो शब्द प्रयोग गरेका थिए (व्यवस्था ३३:२९, भजन १८:३०, भजन ८४:११, भजन १४४:२)।

**जब परमेश्वरले आफूलाई ढाल वा सुरक्षा कवच भनेर सम्बोधन गर्नुहुँदा त्यसको अर्थ के हो? के त्यो सम्बोधन केवल अब्रामलाईमात्र प्रयोग गरिएको हो र? के त्यो शब्द हामीलाई पनि प्रयोग गरिन हुँदैन र? के हामीले पनि व्यक्तिगतरूपमा त्यस सम्बोधन हामीलाई पनि हो भनेर दावी गर्न सक्छौं? त्यसको अर्थ के शारीरिक नोक्सान, रोगव्याधी वा आक्रमण आउँदैन भनेको हो र? कुन किसिमले परमेश्वर हाम्रो सुरक्षा कवच वा ढाल हुनुहुन्छ? यो चित्रणलाई तपाईंले कसरी बुझ्न सक्नुहुन्छ?**

"ख्रीष्टले हामीप्रति कहिलेकाहीँमात्र चासो देखाउनुहुन्न तर जुनरूपमा उहाँले हामीप्रति चासो देखाउनुहुन्छ त्यो आमाले आफ्नो बालकलाई भन्दा पनि बलियो र गहिरो छ...हाम्रो मुक्तिदाता आफैले मानवीय दुःख,कष्ट, शोक, बेइज्जत र अपमान सहेर, गालि र निन्दा सहेर, दुर्व्यवहारमा परेर, हँस्सी र उपहास सहेर, बहिष्कार र मृत्यु सहेर हामीलाई किन्नुभएको छ। हे डरमा रहिरहने परमेश्वरका वालक हौ, उहाँले तपाईं हेरिरहनुभएको छ। उहाँको सुरक्षामा तपाईं सुरक्षित भएको उहाँले निश्चय गर्नुभएको छ।...हाम्रो मानवीय कमजोरले स्वर्गमा रहनुहुने पिताकहाँ जान बाधा दिँदैन, किनभने हाम्रो निम्ति बिन्तिभाऊ गर्न येशू मर्नुभएको थियो।"-एलेन जी ह्वाइट, सनस् एण्ड डटरस् अभ गड, पृ. ७७बाट रूपान्तरित।

**बाहिरबाट हेर्दा रोलान्डो अत्यन्तै धार्मिक, असल र प्रभुको बफादारी अनुयायी देखिन्थ्यो। तर कसैले नचिताएको बेलामा उसको अचानक मृत्यु भयो। त्यसबेला परमेश्वर उसको निम्ति सुरक्षा कवच वा ढाल हुनुभएको कबुल के भयो? वा परमेश्वर हाम्रो सुरक्षा कवच हुनुहुन्छ भन्ने कुरोलाई अर्कै अर्थमा लिनुपर्ने हो कि? सोच्नुहोस्। परमेश्वरले हामीलाई कसबाट सधैं सुरक्षा राख्छु भनेर कबुल गर्नुभएको छ? हेर्नुहोस्, १ कोरन्थी १०:१३ "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न**

दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"

## २. मसीह आउनुहुने कबुलः भाग १

**"तिमीमा र तिम्रा सन्तानहरूमा पृथ्वीका सारा परिवारहरूले आशिष पाउनेछन्" (उत्पत्ति २८:१४ रूपान्तरित)।**

**"यदि तिमीहरू येशू ख्रीष्टका हौ भने, तब तिमीहरू अब्राहमका सन्तान हौ र कबुल गरिएको अनुसार तिमीहरू उत्तराधिकारीहरू हौ" (गलाती ३:२९ रूपान्तरित)।**

एक पल्टमात्र होइन धेरै पल्ट परमेश्वरले अब्राहमलाई उनका सन्तान र उनका सन्तानहरूमा पृथ्वीका सबै जाति वा राष्ट्रहरूले आशिष पाउनेछन वा आशिषित हुनेछन् भनेर भन्नुभएको थियो (हेर्नुहोस्, उत्पत्ति १२:३, उत्पत्ति १८:१८, उत्पत्ति २२:१८)। यो अचम्म लाग्दो कबुल बारम्बार दोहोऱ्याइएको छ किनभने यो प्रतिज्ञा अत्यन्तै महत्त्वपूर्ण छ। यो अत्यन्तै टिकिरहने प्रतिज्ञा हो। यसले गर्दा नै सबै प्रतिज्ञा वा कबुलहरू किमत र उपयोगी बनाउँदछ। एक पक्षमा कुरा गर्ने हो भने यस प्रतिज्ञामा यहूदी राष्ट्रको उदयको प्रतिज्ञा देखाउँछ जसद्वारा परमेश्वरलले "संसारका सबै परिवार वा मानव जातिलाई सत्य परमेश्वर र मुक्तिको योजनाको बारेमा सिकाउन चाहनुभएकव थियो। तर यो प्रतिज्ञा त्यसबेला पूरा भयो जब अब्राहमकै सन्तानबाट येशूको जन्म भयो। उहाँले क्रुसमा संसारका सबै परिवार वा मानिसहरूको पापको मोल तिर्नुभयो।

**जलप्रलयपछि परमेश्वरले नोहासँग गर्नुभएको प्रतिज्ञा सोच्नुहोस्। त्यसबेला उहाँले सारा पृथ्वीलाई जलप्रलयबाट फेरि नाश नगर्ने कबुल गर्नुभएको थियो। येशू ख्रीष्टमा पाउने मुक्ति बिना त्यो कबुलको अर्थ के छ र? यथार्थमा परमेश्वरले गर्नुभएको कबुलहरूमा येशू ख्रीष्टमा पाइने अनन्त जीवनको कबुल छैन ती सबै कबुलहरूको अर्थ के छ र?**

**अब्राहममा पृथ्वीका सारा मानव प्राणीहरू आशिषित हुनेछन् तर त्यो येशू ख्रीष्टद्वारा पाउनेछन् भन्नुको अर्थलाई तपाईंले कसरी बुझ्नुभएको छ? त्यसको अर्थ के हो?**

निःसन्देह, परमेश्वरले करारका प्रतिज्ञाहरूमा संसारको मुक्तिदाताको आगमनको प्रतिज्ञा सबै प्रतिज्ञाहरूभन्दा महान् छ। करारहरूमा व्यवस्था

गरिएका सबै अभिभाराहरू मुक्तिदाता आफै नै साधन भएर पूरा गर्नुभएको थियो। उहाँमा नै सबै प्रतिज्ञा वा कबुलहरू चरितार्थ भएका छन्। चाहे यहूदी होस् वा अयूहूदी जाति होस् समस्त मानव प्राणी जब उहाँमा सम्मिलित भएर एक हुन्छन् तब तिनीहरू अब्राहमका सत्य परिवारमा गनिन्छन् र प्रतिज्ञाका उत्तराधिकारी बन्छन् (गलाती ३:८,९, २७-२८)। त्यसको अर्थ जो जो येशूमा छन् तिनीहरूले अनन्त जीवन पाउँछन् जहाँ पापरहित वातारणमा रहेर दुःष्ट, खराब, कष्ट, पीडा र मृत्युको उदय कहिल्यै पनि हुनेछैन। यो भन्दा उत्तम, गरिमामय कबुल वा प्रतिज्ञा अरू के होला, के तपाईंले सोच्न सक्नुहुन्छ?

**यस संसारमा पाप, अधर्म, आतङ्क, रोग, महामारी, दुःखकष्टमा पौडीखेलिरहेका हामीलाई ती सबै थोकबिनाको संसारको अवधारणाप्रति हामी किन आकर्षितहुन्छौ? त्यस्तो संसारको चाहना हामीमा गहिरो भएको छ किनभने सुरूमै हामीलाई सृष्टि गर्दिा पापका ती दुष्परिणाम हामीमा थिएन। पाप वा त्यसको बिसङ्गति हुनुपर्ने हाम्रो आधारभूत स्वभावमा नभएकोले पापरहित संसारमा रहने हाम्रो मानव प्राणीको भित्री चाहना होइन र?**

## ३. मसीह आउनुहुने कबुलः भाग २

**"यदि कोही जीवनमा सत्य सुखी वा आनन्दको उपभोग गर्न चाहन्छ भने त्यो मानिस आफ्नो ठाउँभन्दा धेरै टाढा यात्रा गर्नुपर्छ, त्यतिमात्र नभएर आफूबाट पनि टाढा हुनुपर्छ।"- थोमस ब्राउन।**

**माथिको कथन सन् १६००मा लेखिएको थियो। के तपाईं त्यसदेखि सहमत हुनुहुन्छ वा असहमत। यही कथनलाई १ थेस्सोलिनिकी ४:१६-१८ र प्रकाश ३:११,१२को परिवेशमा हेर्नुहोस्। "१६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" (१ थेसलोनिकी ४:१६-१८), "११ म चाँड़ै आइरहेछु। तिमीसँग जे छ त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन। १२ जसले जित्छ, त्यसलाई म मेरा परमेश्वरका मन्दिरको एउटा स्तम्भ बनाउनेछु, र ऊ त्यहाँबाट कहिल्यै बाहिर निस्कनेछैन।**

**म त्यसमा मेरा परमेश्वरको नाउँ लेख्नेछु, र मेरा परमेश्वरका सहरको नाउँ, अर्थात् यरूशलेम लेख्नेछु, जो मेरा परमेश्वरबाट स्वर्गदेखि तल आउँदछ। आफ्नै नयाँ नाउँ पनि म त्यसमा लेख्नेछु।" (प्रकाश ३:११-१२)।**

मानिसको कहाली लाग्दो अवस्था देखेर तेस्रो शताब्दीको इसाई अगुवा, चिन्तक र धर्मशास्त्री अगस्टिनले यो भावना व्यक्त गरेः "हामी बिताइरहेको जीवनले-जुन अत्यन्तै खराबै खराबले भरिएको छ जसलाई हामी जीवन भन्न पनि सुहाउँदैन-सुरूदेखि नै यो स्पष्ट गरेर देखाउँछ कि मरणशील मानव जात दोषी ठहरिएको छ। भयाभव अज्ञानको गहिरो खाल्डोलाई पहिले सोच्नुहोस् जसबाट सबै गलत ज्ञानको वाढी बहन्छ। यसैबाट नै आदमका सारा सन्तान अन्धकारको पोखरीमा डुब्न पुगेको छ। परिश्रम, दुःख, कष्ट, पीडा, आँशु बिना कोही पनि भाग्न सक्दैन वा पार हुन सक्दैन। अनि हामीले माया गर्ने वा प्रेम गर्ने सबै थोकहरूलाई हेर्नुहोस्, तिनीहरू कतिको व्यर्थ, विषाधी र धेरै मुटुको व्यथा, दुःखकष्ट, आपदविपदः शोक र त्रासहरूलाई उत्पादन गर्दछ। यीनै थोकहरूबाट अनमेल, झैंझगडा र युद्धहरू बहुला झैं रमाएका हुन्छन्, यीनैबाट चोरी, डकैती, भ्रष्टाचार, अनैतिक क्रियाकलापहरूको फलिफाप हुन्छ, जालसाजी, धोखा, घमण्ड वा अहङ्कार, डाहा, महत्वाकाँक्षा, हत्या र आत्महत्या, निर्दयीता र असभ्य तथा जङ्गलीपना, अवैध वा नीतिविहिन र बिलासिताले **समाजमा** बाहुल्यता पाइरहेका हुन्छन्, सबै किसिमका लाजशरम, अशुद्धपनाको मोहमा परेर बेश्यावृति, परस्त्रीगमन, परपुरुषगमन, सम्भोगमा डुब्द मनपराउने, हाडनाता करणी, अप्राकृतिक पापहरू, जबरजस्ती करणी र अरू अनगिन्ती अशुद्धपना जुन उल्लेख गर्न पनि लाजमर्दो छ, तिनीहरूलाई समाजले पोषाइरहेको छ, त्यसको साथै धर्मको बिरुद्धमा पाप, कुनै पनि थोक पवित्र भन्ने आभास् नभएको, मानिसको दिमागलाई खतम पार्ने शिद्धान्तहरू, सनातन परमेश्वरको विरुद्धमा खुलेआमा बोल्ने, सपथ खाएको व्यक्ति पनि आफ्नो सपथको नैतिक जिम्मा लिन नचाहने व्यक्तिहरूले भरिएको समाज, छिमेकीहरूको बिरुद्धमा नराम्रो काम गर्ने, झुठा आरोप तथा आलोचना गर्न र ठग्न रुचाउने, सबै किसिमका फताहा, झुठो गवाही दिने र मानिसहरूप्रति र तिनीहरूको सम्पत्तिप्रति हिंसात्मक कदम चाल्न नहिच्किचाउने व्यक्तिहरूको बिकास, अन्यायले भरिएका अदालतहरू, अनगिन्तियौं कहालीलाग्दो परिस्थिति र सबै खालका खराबहरूले यस संसार भरिएको छ। ती सबै खराब तत्वहरूबाट मानिसहरू आँखा चिम्लिनै रहेका छन्।"- अगस्टिन अभ हिप्पो, द सिटी अभ

गड, जेराल्ड जी. वाल्श, एस.जे. अनुवाद (न्यु योर्कः डबलडे, १९५८), पुस्तक २२, अध्याय २२, पृ. ५१९बाट रूपान्तरित।

१५०० वर्षभन्दा अघि व्यक्त गरिएका अगस्टिनका भावनाहरू अहिलेका देश र सहरहरूमा छ्यापछ्याप्ती बगिरहेको हामी पाउँछौं। त्यसबेलादेखिको आजसम्मको मानवतामा वैज्ञानिक युगले गर्दा थोरै परिवर्तन भएको होला। तैपनि मानिसहरू पाप, अधर्म, आतङ्कित समाजबाट कतै भाग्न चाहिरेहको हामी पाउँछौं।

भाग्यवस अहिलेको संसारमा जहाँ आत्मिक, सामाजिक, राजनैतिक, नैतिक, शारीरिक र वातावरणीय वातावरण जतिसुकै भयाभव, कहालीलाग्दो अवस्थामा गुज्रिरहेको भएतापनि यस संसारको भविष्य चम्किलो छ। त्यो उज्ज्वल भविष्य हाम्रो कुनै कारणले होइन तर परमेश्वरले हाम्रो निम्ति येशू ख्रीष्टको जीवन, मृत्यु, पुनरुत्थान र उहाँको महापुजारीय सेवाकार्यले गर्दा हो। अब्राहमका सन्तान र पृथ्वीका समस्त मानव प्राणीहरू अब्राहममा आशिषित हुनेछन् भनेर परमेश्वरले उनीसँग गर्नुभएको कबुल येशूमा अन्तमा पूरा हुनेछ भनेर बाइबलमा स्पष्ट पारेकोले हामी ढुक्क हुनसक्छौं।

**माथि अगस्टिनले व्यक्त गरेका भावनाहरू फेरि हेर्नुहोस्। यस संसारको कहालीलाग्दो परिस्थितिको बारेमा तपाईं आफैले केही सोच्नुहोस्। फेरि त्यसैबखत हाम्रो हृदयलाई सान्त्वना तथा आशा दिने येशूमा परमेश्वरले दिनुभएका कबुलहरू बाइबलमा सबैतिर फैलिएको पनि सोच्नुहोस् (उदाहरणमा, यशैया २५:८ "उहाँले मृत्युलाई सदाको निम्ति निल्नुहुनेछ। परमप्रभु परमेश्वरले सबैका अनुहारबाट आँसु पुछिदिनुहुनेछ। उहाँले सारा पृथ्वीबाट आफ्नो प्रजाको निन्दा हटाइदिनुहुनेछ। परमप्रभुले भन्नुभएको छ।", १ कोरन्थी २:९ "तर यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।", प्रकाश २२:१-६ " १ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्।**

४ तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। ५ त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्। ६ तिनले मलाई भने, "यी वचन भरपर्दा र सत्य छन्। अब चाँड़ै हुन आउने कुराहरू आफ्ना दासहरूलाई देखाउन परमप्रभु, अगमवक्ताहरूका आत्माका परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो")।

**माथिका प्रतिज्ञा वा परमेश्वरका कबुलहरूमा ध्यान गर्नुहोस्। ती कबुलहरू तपाईंकै निम्ति हो भनेर सोच्नुहोस्। यदि त्यसो गर्न सकेमामात्र बाइबलका पात्रहरूलाई परमेश्वरले बाँध्नुभएको करारलाई तपाईं आत्मसात् गर्न सक्नुहुन्छ।**

## ४. महान् र शक्तिशाली राष्ट्र....

अब्राहममा पृथ्वीका सारा जातिले आशिष पाउनेछनमात्र भनेर परमेश्वरले भन्नुभएन उहाँले उनबाट महान् र शक्तिशाली राष्ट्र वा जाति बनाउनुहुनेछ भनेर कबुल गर्नुभएको थियो (उत्पत्ति १८:१८, उत्पत्ति १२:२, ४६:३)। अत्यन्तै बुढेसकाल लागेका मानिस र गर्भवती हुने अवस्था नागिसकेकाहरूलाई दिइएको त्यो प्रतिज्ञा अत्यन्तै असाधारणैमान्नुपर्दछ। यसरी कुनै पनि सन्तान नभएका अब्राहमलाई छोरो र जाति वा राष्ट्र दुवै दिने कबुल परमेश्वरले गर्नुभएको थियो।

यद्यपि, त्यो कबुल अब्राहम बाँचिरहेकैबेलामा सबै पूरा भएको थिएन। इस्सहाक र याकूबले पनि नयाँ जाति वा राष्ट्रको कबुल भएको देख्न पाएका थिए। परमेश्वरले त्यही कबुल याकूबलाई पनि दोहोऱ्याउनुभएको थियो तर त्यो सन्तान वा जातिको बारेमा गरिएको कबुल इजिप्ट वा मिश्रदेशमा पूरा हुनेछ भनेर भनेर भन्नुभएको थियो (उत्पत्ति ४६:३)। तर याकूब पनि पूरा भएको आफैले देखेका थिएनन्। हामीलाई थाहा छ त्यो कबुल पछि पूरा भएको थियो।

**तर अब्राहमकै सन्तानबाटै नै विशेष जाति वा राष्ट्र बनाउने कबुल परमेश्वरले किन गर्नुभएको थियो? के परमेश्वरले केवल अर्कै देश वा नयाँ विशेष प्रजाति खडा गर्न चाहनुभएको हो त? त्यस राष्ट्र वा जातिको लक्ष्य के हो वा त्यसले पूरा गर्नु पर्ने के हो? हेर्नुहोस्, प्रस्थान १९:५,६ "५ अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गऱ्यौ भने, समस्त**

जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निजी धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि ६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।", यशैया ६०:१-३ "१ "उठ्, प्रकाशमान् हो, किनकि तिम्रो प्रकाश आएको छ, र परमप्रभुको महिमा तिमीमाथि उदाएको छ। २ हेर, अँध्यारोले पृथ्वीलाई, र घोर अँध्यारोले मानिसहरूलाई ढाकेको छ, तर परमप्रभु तिमीमाथि चम्कनुहुन्छ, र उहाँको महिमा तिमीमाथि प्रकट हुन्छ। ३ जाति-जाति तिम्रो प्रकाशमा र राजाहरू तिम्रो प्रभातको ज्योतिमा आउनेछन्।" र व्यवस्था ४:५-८ "५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?"

इस्राएली राष्ट्र गवाहीकोरूपमा खडा भएर संसारका सबै राष्ट्रहरूलाई आफूतिर खिँच्ने परमेश्‌्वरको चाहनाभएको बाइबलले प्रमणित गर्न खोजेको पाइन्छ। इस्राएलकै कारणले परमेश्वरको छत्रछायाँमा पृथ्वीका राष्ट्रहरू वा सबै जातिहरू आशिषित भएर, खुशीभएर, स्वस्थ र पवित्र मानिसहरू होउन् भन्ने परमेश्वरको लक्ष्य थियो। त्यस्तो खालको इस्राएली राष्ट्रले सृष्टिकर्ता परमेश्वरको इच्छालाई पालन गरेर आशिष हुने कुरो प्रमाणित गरेर देखाओस् भन्ने परमेश्वरको चाहना थियो। पृथ्वीका सारा मानिसहरू सत्य, प्रेमिलो, सदासयी परमेश्वरको आराधना गर्न आकर्षित हुनुपरेको थियो (यशैया ५६:७)। यसले गर्दा समस्त मानव प्राणी इस्राएल, तिनीहरूको परमेश्वर र तिनीहरूकहाँ देखा पर्नुहुने संसारको मुक्तिदाता मसीहतिर ध्यान जाओस् भन्ने परमेश्वरको योजना थियो।

"परमेश्वरले दिनुभएको सबै भूभाग इस्राएलका सन्तानहरूले कब्जा गर्नुपर्ने थियो। सत्य परमेश्वरको सेवा गर्ने र आराधना गर्न अस्वीकार गर्ने राष्ट्रहरू ती भूभागहरूबाट निकालिनुपर्ने थियो। तर इस्राएलका मानिसहरूले

परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गरेर सारा मानिसहरूलाई आफूतिर खिँच्ने उहाँको उद्देश्य थियो। त्यही जातिले नै सारा संसारलाई सुसमाचारको निमन्त्रणा दिनुपर्दथ्यो। त्यस इस्राएली राष्ट्रले नै सारा संसारको सामु येशूको बलिदानीय सेवालाई उचालिनुपर्दथ्यो र जसले गर्दा जसले उहाँतिर नजर राख्दछ त्यो मानिस जिउन सकोस्।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. २९०बाट रूपान्तरित।

**इस्राएलबाट र हाम्रो चर्चद्वारा परमेश्वरले के चाहनुभएको थियो त्यो के समान भएको हामी देख्न सक्दछौं? इस्राएल र हाम्रो चर्चमा परमेश्वरको के समान अवधारणाहरू छन्? हेर्नुहोस्, १ पत्रुस २:९,१० "९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।"**

## ५. "तिम्रो नाउँ महान् हुनेछ"

"म तिमीबाट एउटा ठूलो जाति वा राष्ट्र खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्‌को मूल हुनेछौ" (उत्पत्ति १२:२ रूपान्तरित)।

उत्पत्ति १२:२मा परमेश्वरले अब्राहमको नाउँलाई महान् वा प्रसिद्ध बनाउनेछु भनेर प्रतिज्ञा गर्नुभएको थियो। त्यसको अर्थ उनी प्रख्यात हुनेछ। **कुनै पनि पापीलाई त्यस्तो प्रतिज्ञा परमेश्वरले किन दिनुभयो होला? यस पापी संसारमा "महान् वा प्रसिद्ध" हुनु को योग्य छ र? (हेर्नुहोस्, रोमी ४:१-५ "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ।" र याकूब २:२०-२४ "२० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ**

हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।" परमेश्वरले जुन महानता अब्राहममाथि खन्याउनुभयो त्यो केही उनको व्यक्तिगत भलाईको निम्ति हो कि अरू कुनै? सोच्नुहोस्।

त्यही सन्दर्भमा उत्पत्ति ११:४सँग उत्पत्ति १२:२ तुलना गरेर हेर्नुहोस्। ती दुईमा के ठूलो फरक छ? एउटाचाहीँ "कामद्वारा मुक्ति वा उद्धार" र अर्कोचाहीँ "विश्वासद्वारा मुक्ति" कसरी देखिन्छ? हेर्नुहोस् "१ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। २ मानिसहरू पूर्वतिर सर्दैजाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीँ बसोबास गरे। ३ तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंट बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। ४ तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जताततै नछरिऔं।" (उत्पत्ति ११:१-४) र "२ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ।" (उत्पत्ति १२:२ रूपान्तरित)।

येशूको कामले हाम्रो निम्ति मुक्तिको योजना कार्यन्वयन भएतापनि त्यो मुक्तिमा हामी सहभागि हुन परमेश्वरको अनुग्रह अझै पनि समावेश भएको हुन्छ। हाम्रो भूमिका छ। त्यो भूमिकामा हाम्रो स्वतन्त्र स्वविवेक वा आत्मनिर्णयको अधिकारले निर्णायक खेल खेल्दछ। युगौं युगसम्म चलिरहेको नाटक वा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् वैचारिक युद्ध हामीमा र हामीबाट अझै भइरहेको छ। हामीमा र हामीबाट यस संघर्ष वा द्वन्द्वमा के भइरहेछ भनेर सारा मानव जगत र स्वर्गदूतहरू हेरिरहेकाछन् (१ कोरन्थी ४:९)। तसर्थ, हामी को हौं, हामी के बोल्छौं, हामी के गर्छौं, मानिसको सामु हामी जतिसुकै मूल्यहीन वा पन्छाइएतापनि हाम्रो प्रत्येक चालले जगतमा तरङ्ग पठाइरहेको हुन्छ। हामीहरूको वचन, हामीहरूको क्रियाकलाप वा आनिबानी,

हामीहरूको मनस्थिति वा सोच्ने बानीले हाम्रो निम्ति धेरै काम गर्नुहुने परमेश्वरको महिमा ल्याउन सक्छौं वा इसाई भनेर दावी गर्छौं वा गर्दैनौं परमेश्वरलाई र उहाँको नाउँमा कलङ्क ल्याउने अभिभारा पनि हामीमानै बसालिएको छ। त्यसकारण जब परमेश्वरले अब्राहमलाई उनको नाउँ प्रसिद्ध बनाउनेछु भनेर कबुल गर्नुहुँदा संसारका मानिसले कमाउने प्रसिद्ध नाउँ भनेर भन्नुभएको पक्का पनि होइन। परमेश्वरको नजरमा कोही मानिस महान् वा प्रसिद्ध हुनुभन्दा उहाँले अपेक्षा गर्नुभएको गुणहरूले भरिएको त्यो मानिस हुनुपर्दछ। ती गुणहरू हुन्ः चरित्र, आस्था वा विश्वास, आज्ञापालन वा बफादारिता, कर्तव्यनिष्ठ, नम्रता, निस्वार्थ र अरूप्रति प्रेम हुनुपर्दछ। संसारका मानिसहरूमा ती गुणहरूलाई सराहना गर्दछन् होला तर संसारका मानिसहरू प्रसिद्ध वा महान् कहलाउन ती गुणहरूको आवश्यकता प्रायजसो अपेक्षा नगरेको पाइन्छ।

**यस संसारमा प्रख्यात, प्रसिद्ध वा नाउँ कमाएका महान् केही मानिसहरूको बारेमा सोच्नुहोस्। तिनीहरूमा फिलिम वा नाटकका कलाकारहरू होलान्, राजनैतिज्ञहरू होलान्, चित्रकारहरू होलान्, सङ्गितकारहरू होलान्, धनी, प्रतिष्ठित होलान् वा कुलिन जाति वा घराना आदिका होलान्। तिनीहरूले के गरे जसले गर्दा तिनीहरू प्रख्यात भए? तिनीहरूको स्वभाव वा चरित्र वा कार्यशैली वा व्यक्तिगत आनिबानी हेर्नुहोस्। तिनीहरूको दाँजोमा अब्राहमको महानता किन फरक छ? जतिसुकै विकृत, दुष्ट, भ्रष्ट, अत्याचारी, हिंसात्मक भएका व्यक्ति यस संसारमा महान् वा प्रख्यात भनेर मानिएको पाइन्छ। संसारले व्याख्या गरेको प्रसिद्ध वा महानताले हाम्रो दृष्टिकोणमा पनि कति प्रभाव पारिरहेको छ जसले गर्दा हामी पनि त्यही प्रसिद्ध हुने दौडमा लाग्न तँछाडमछाड गर्न पुगेका हुन्छौं?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रयार्क एण्ड प्रोफेटसको* पृ. १३२-१४४मा उल्लेखित "अब्राहम इन कनान" र पृ. १४५-१५५को "द टेस्ट इन फेथ" पढ्नुहोस्।**

"जुन परिक्षा अब्राहमले सामना गरेका थिए त्यो कुनै हल्का थिएन। उनलाई त्याग गर्न अऱ्हाइएको काम कुनै सानोतिनो थिएन....तर परमेश्वरको आदेश स्पष्टरूपमा चिन्ह सफल भएका अब्राहमले उहाँको आवाजलाई मान्न हिचकिचाएन। उनलाई प्रतिज्ञा गरिएको देशको बारेमा उनले केही पनि प्रश्न

गरेनन्। परमेश्वरले बोल्नुभयो र उहाँका सेवकले मान्नैपर्छ। यस संसारमा उनको निम्ति अत्यन्तै सुखमय स्थान भनेकै परमेश्वरले उनलाई जे भन्नुभयो त्यो काम गरेर देखाउने ठाउँ थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. १२६बाट रूपान्तरित।

जब अब्राम कनान देशमा भित्रिए तब परमेश्वर उनकहाँ देखा परेर भन्नुभएको थियो कि उनी घुमफिर गरिरहेको देश उनका सन्तानको निम्ति हुनेछ (उत्पत्ति १२:७)। यही कबुल परमेश्वरले धेरै पल्ट दोहोऱ्याउनुभएको थियो (उत्पत्ति १३:१४,१५:१७, उत्पत्ति १५:१३,१६,१८, उत्पत्ति १७:८, उत्पत्ति २८:१३,१५, उत्पत्ति ३५:१२)। त्यो कबुल चारसय वर्षपछि पूरा हुन (उत्पत्ति १५:१३,१६) परमेश्वरले मोशालाई यो घोषणा गर्नुभएको थियो कि उहाँले इस्राएलीहरूलाई दुध र मह बगिने देशमा ल्याउनुहुनेछ (प्रस्थान ३:८, १७, प्रस्थान ६:८)। यही प्रतिज्ञा परमेश्वरले यहोशूलाई दोहोऱ्याउनुभएको थियो (यहोशू १:३), र दाउदको समयमा केही हदसम्म तर पूरै त होइन, त्यो प्रतिज्ञा पूरा भएको थियो (उत्पत्ति १५:१८-२१, २ शमूएल ८:१-१४, १ राजा ४:२१, १ इतिहास १९:१-१९)।

अब हिब्रू ११:९,१०:१३-१६ पढ्नुहोस्। अब्राहम र परमेश्वरको परमभक्त पूर्खाहरूले परमेश्वरले प्रतिज्ञा गर्नुभएको कनान देश यस संसारको तत्कालिन भौगोलिक राष्ट्र इस्राएल नभएर परमेश्वरले उद्धार गर्नुभएका जनहरूले अन्तमा पाइने घर वा देश थियो भनेर हिब्रूका ती पदहरूले स्पष्ट पार्दछ। यस पापै पापले भरिएको संसारको परिवेशमा कुनै देश वा घर स्थायी हुन सम्भव छैन। जीवन क्षणिक हो। यो हुस्सु जस्तो छ। एक छिन देखापर्छ र अनि गइहाल्छ (याकूब ४:१४)। आत्मिकरूपमा हामी पनि अब्राहमका सन्तान भएको हुनाले हामी पनि यो महसुस गर्नुपर्छ कि यस संसारमा हाम्रो कुनै स्थायी घर हुँदैन बरू हामी पनि आउनेवाला सहरको निम्ति हेरिरहनुपर्दछ (हिब्रू १३:१४)। येशूमा भविष्यको निश्चित जीवनले गर्दा यस परिवर्तित र खस्किन्दै गएको संसारमा हाम्रो जीवन दृढताका साथि अघि बढिरहन जरुरी छ।

**चिन्तनमनन:**

अ. हामीहरूको व्यक्तिगत इसाई अनुभवमा परमेश्वरले गर्नु भएको नयाँ पृथ्वीको प्रतिज्ञाले हामीलाई कस्तो प्रभाव पार्न दिनुपर्छ? हेर्नुहोस्, (मत्ती ५:५ "धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।", २ कोरन्थी ४:१६-१८ "१६ यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।", प्रकाश २१:९,१० "९ तब ती सात अन्तिम विपत्तिले भरिएका सात कचौरा हुने सात स्वर्गदूतहरूमध्ये एक जना आएर मलाई यसो भने, "आऊ, म तिमीलाई थुमाकी पत्नी, उहाँकी दुलही देखाउनेछु।" १० तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र सहर यरूशलेम मलाई देखाए।" र प्रकाश २२:१७ "पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस्।" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस्।" जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैंमा लिओस्")।

आ. परमेश्वरको सामु "सत्य वा सही महानता भनेको उहाँका आज्ञाहरूप्रति शिरोपर गरेर हिँड्नु र उहाँको लक्ष्यमा साथ दिएर अघि बढिरहेको नतिजा हो।"-एसडिए बाइबल कमेन्टरी, ठेली १, पृ. २९३बाट रूपान्तरित। यस कथनको अर्थ के हो सो सोच्नुहोस्।

**सारांश:** परमेश्वरले गर्नुभएका प्रतिज्ञा वा कबुलहरू! उहाँमाथि आस्था राख्नेहरूको निम्ति कतिको बहुमूल्य छन्! के तिनीहरू पूरा हुनेछन् त? विश्वास वा आस्थाले जवाफ दिन्छ, हुन्छ।

## कथा ५

## यो परमेश्वर हुनुहुन्छ

## शिनेल डेभिज, २९, ट्रिनिडाड र टोबेगो

हाम्रो घर ट्रिनिडाड र टोबागे देशको मोरभियन्त भन्ने ठाउँमा छ। एक दिन मेरी दस वर्षकी बहिनी शकिरा भिजेको भरेङ्गमा चिप्लेर लडिन्। त्यसपछि उनले आफ्नो ढाड दुख्यो भनेर कराउन थालिन्। हामीले भन्थान्यौं उनको ढाडको माँसेपेशी तन्कियो होला, त्यसकारण दुख्ने कम गर्ने औषधी उनलाई ख्वाइयो। एक हप्तासम्ममा पनि उनको दुखाइ कम भएन। तर उनलाई हामीले अस्पतालमा लग्यौं। डाक्टरले झन बढि दुखेको कम हुने औषधी दिए। केही समयपछि शकिरा खान छोडिन्। उनको पेट फुल्न थाल्यो। पछि उनलाई फेर अस्पतालमा पुऱ्यायौं। डाक्टरले भने, "नानीको त क्यान्सर भएको जस्तो छ नी।" उनलाई शल्यक्रिया गरियो। शल्यक्रियाको पीडामा पनि उनी खुशी भएर देखाउन थालिन्। उनी रहेको अस्पतालको कोठाको सबभन्दा हँसिली केटी भएर उनी देखा परेकी थिइन्। डाक्टरले उनलाई सान्है मन पराए। एक वर्षपछि उनमा क्यान्सर नभएको घोषणा गरियो। तर घर फर्केको केही महिनापछि फेरि उनलाई क्यान्सर भयो। म उनीसँग अस्पतालमा धेरै रात बिताएँ। "मेरो ढाड, मेरो पेट, मेरो ढाड, मेरो पेट" भनेर बिलाप गरिरहेको म सम्झन्छु। उनी अत्यन्तै पीडामा थिइन्। डाक्टरले फेरि शल्यक्रियाको निम्ति उनलाई ठीक पारियो।

"आमा, म यो अपरेशन गर्न चाहन्न" आमालाई भनिन्। "तिमी जिउनको निम्ति अपरेशन गर्नुपर्छ" आमाले सम्झाइन्। अपरेशन गरेको एक महिनापछि शकिराको मृत्यु भयो। म अस्पताल जाँदै थिए त्यसबेला आमाले मलाई फोन गरेर भनिन् मेरी बहिनी मरिन्। म धुरुधुरु रोएँ। तर आमाचाहिँ रोएकी थिइनन्। "आमा के भयो? किन तपाईं नरुनुभएको" मैले बहिनीको अन्त्येष्टीमा सोधेँ। तर उनले केही पनि जवाफ दिइनन्। चार महिनापछि, आमाको पाइटाला सुनिन थाल्यो। उनी दुई हप्तासम्म अस्पतालमा बसिन्। शकिराको मृत्युले गर्दा उनी उदासिन भएको डाक्टरले भने। सरसल्लाहको निम्ति जान डाक्टरले उनलाई भने। तर उनी गएनन्। छमहिनापछि उनको पनि देहान्त भयो। मेरी बहिनी मरेको लगत्तै मेरी आमा पनि मरेकोले मलाई धेरै शोक भयो। तर अझ नराम्रो कुरा त हुन बाँकि नै थियो। मेरो भतिजा

मार्कले मकहाँ बराबर भेट्न आयो र दुईको बियोगले मृत्युभएकोमा म उदासिन भएको बेलामा सान्त्वना दिन थाल्यो। मेरी आमा मरेको छ महिनापछि मार्क पनि कार दुर्घट्नामा मृत्यु भयो।

ममा भएको पीडf सहनै नसक्ने भएको थियो। मेरो केटा साथीको पाखुराको छालामा, छातीमा, पछाडि र मुख टाटुहरूले भरिएका थिए। मलाई थाहा थियो छालामा टाटु कोर्दा दुख्दछ, तैपनि मैले पनि टाटु कोर्न मनलाग्यो। त्यसले मेरो पीडा घट्लाकि भनेर मैले सोचेको थिएँ। मैले मेरो नाक प्वाल पारें। तर मलाई धेरै दुखेन। फेरि पनि मेरो नाकमा मैले प्वाल पारें। अनि मेरो कानमा र छातीमा टाटु कोरें। तर मेरो आन्तरिक पीडा हराएन। केही समयपछि मेरो केटो साथी पौडी खेलेको बेलामा मृत्यु भयो। मलाई कसैले फोन गऱ्यो। मैले त विश्वासै गर्न सकिँन। मेरी बहिनी, मेरी आमा र मेरो भतिजालाई सम्झे। अब मेरो केटो साथी पनि मऱ्यो। म शोकले चिच्याउन थालें। त्यस दिन बेलुका मैले काम गर्ने ठाउँको हाकिमलाई त्यसबेला हुने कार्यक्रममा भाग लिन सक्दिन किनकि मेरो केटो साथीको शरीरलाई मैले चिनाएर देखाउनुछ। उनले मलाई उनको भतिजा मार्कको निम्ति पर्ख भनेर सल्लाह दिइन्। "उसले तिमीलाई जानुपर्ने ठाउँमा पुऱ्याउँछ" भनेर मेरी हाकिमले भनिन्। मेरो केटो साथीको मरेको शरीर देखेपछि म मरेतुल्य भएँ। मलाई जिउनको अर्थ भएन। चार महिनापछि मेरो पेटमा भएको बच्चा पनि निस्केर मऱ्यो।

मेरो जीवन अन्धकारै अन्धकार भएको जस्तो लागेको थियो, तर मार्कले मेरो जीवनमा केही हौशला दियो। ऊ दिनदिनै मलाई भेट्न आयो र बाइबलका पदहरू मलाई सुनायो। "के तपाईंले यूहन्ना ३:१६ सुन्नुभएको छ?" उसले भन्दै मलाई सुनायो, परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो। जसले उहाँलाई विश्वास गर्छ ऊ नाश हुँदैन तर अनन्त जीवन पाउँछ।'" एक दिन मार्कले मलाई उसका बाबुआमाकहाँ लग्यो। उसको बुबाले मेरो दुःख सुने र उनले आफ्नो फोन नम्बर मलाई दिए। "यदि तिमीले कसैसँग केही कुराकानी गर्न चाहन्छौ भने मलाई फोन गर्नु," उनले भने। "आफूलाई केही समय देऊ। तिम्रो जीवनमा परमेश्वरको योजना छ।"

त्यसपछि मार्कले मलाई उसका बाबुआमाकहाँ बराबर लग्यो। मैले तिनीहरूलाई मन पराएँ। तिनीहरूले परमेश्वरको बारेमा कुरा गरेको सुन्न चासो

लिएको थिएँ। एक दिन जब हामी कुराकानी गर्दै थियौं, म पनि तिनीहरूसँग चर्च जान सक्छुकि भनेर सोधें। "हुन्छ!" अत्यन्तै खुशी भएर मार्कका बाबुआमाले मलाई भने। तर मार्कले केही पनि भनेन। अर्को साबथ म मार्क र उसका बाबुआमासँग चर्चमा गएँ। तिनीहरूसँग हप्तौं हप्तासम्म परमेश्वरको आराधना गर्न थालेपछि म फेरि खुशी हुन थालें। त्यहाँ सुनाएको प्रवचन मेरै लागिमात्र भएको जस्तो मैले ठानें। मेरो पीडा बिलाउन थाल्यो। म बाइबल र साबथस्कूल पाठ प्रत्येक दिन पढ्न थालें। तिनीहरूमा मेरो जीवनको अर्थ खोजिरहेको थिएँ। एक दिन साबथमा प्रवचन सकेपछि प्रचारकले कोही व्यक्ति येशूलाई आफ्नो हृदय दिएर बप्तिस्मा लिन चाहन्छ भने उभिनुहोस भनेर आह्वान गरे। म तुरन्तै उठें। म येशूको निम्ति जिउन चाहन्छु भनेर मलाई थाहा थियो। मार्क पनि उठ्यो। पछि मैले यो थाहा पाएँकी मार्क आफै पाँच वर्षसम्म चर्च जान छोडेको थियो र म जानेभएपछिमात्रै ऊपनि चर्च जान थालेको थियो। मार्कका बुबाआमा अत्यन्तै खुशी भए। तिनीहरूले मार्क येशूतिर फर्कोस् भनेर प्रार्थना गरिरहेका थिए। मार्क र म एकै दिनमा बप्तिस्मा लिएँ र एघ्घार महिनापछि हामी विवाह गऱ्यौं।

कतिपय समयमा मानिसहरूले मलाई भन्छन्, "तिमीलाई थाहा छैन म कस्तो कष्ट भोगें।" अनि तिनीहरूले मेरो कथा सुन्छन् र अचम्म मानेर सोध्छन्, "ती सबै तिमीले भोग्यौ? अनि फेरि तिमी कसरी जिउँदैछौ?" म जवाफ दिन्छु, "यो सबै परमेश्वरको आशिष हो। उहाँले मलाई नयाँ जीवन दिनुभएको छ।

**-शिनेल देविजले आन्ड्र्यु मेकचेस्नीसँगको कुराकानीमा**